नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७२/७३ – ९०
चलानी नं. : ८९४

CDS and Clearing Ltd.

## प्रेस विज्ञप्ति

नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से) मा सूचीकृत सम्पूर्ण कम्पनीहरु सिडिएस एन्ड क्लियरिङ्ग लि. (सिडिएससि) मा २०७२ पौष मसान्तभित्र अभौतिकीकरणका लागि धितोपत्र दर्ता गरिसक्नु पर्ने नेपाल धितोपत्र बोर्डको निर्देशन कार्यान्वयनमा आइसकेको व्यहोरा सम्पूर्ण सूचीकृत कम्पनीहरु तथा सरोकारवालाहरलाई जानकारी गराइन्छ । सो अवधिसम्म कूल १७२ कम्पनीहरुले यस लि. मा आवद्ध हुन धितोपत्र अभौतिकीकरणको दर्ता सम्झौता गरिसकेका छन । यस अनुसार नेप्सेमा सक्रिय कारोबार हुने सूचीकृत कम्पनीमध्ये ९९.९८ प्रतिशत कम्पनी अभौतिकीकरणमा आइसकेका छन् ।
यस लि. संग आवद्ध कम्पनीहरुको धितोपत्र कारोबार, राफसाफ तथा फछ्र्यौट विद्युतीय रुपमा हुने हुँदा निर्धारित समय (T+3) मै स्वामित्व हस्तान्तरण भई धितोपत्रको कारोबारलाई पूर्ण स्वचालिकरणतर्फको महत्वपूर्ण कदमका रुपमा लिन सकिन्छ । यसलाई सरोकारवालाहरुले समेत सकारात्मक रुपमा लिएका छन् । यसै सन्दर्भमा मुलुकको Economic Barometer मानिने सेयर बजार परिसूचक आइतबार नेप्से हालसम्मकै उच्च विन्दु (१२१२) मा पुगेको छ ।
नेपालको पुँजी बजारमा पारदर्शीता, जवाफदेहिता, प्रभावकारीता, आधुनिकता तथा अन्तर्राष्ट्रिय अवधारणा अनुसार विकास गर्नका लागि स्थापना गरिएको यस लि. को स्थापना भएको पाँच वर्ष पूरा हुँदा सम्म पनि लक्ष्य अनुसारको गति लिन नसकेको अवस्थामा नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्ज लि. को अथक प्रयास तथा सहयोगबाट आजको मितिमा लि. पूर्ण संचालनमा गई पुँजी बजारका लगानीकर्ता तथा सरोकारवालाहरुलाई प्रभावकारी रुपमा आफ्नो सेवा उपलब्ध गराउन सक्षम भएको हुँदा यस लि. नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि.को अतुलनीय सहयोग प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछ ।
यस लि. मा आवद्ध नभएका कम्पनीहरुको धितोपत्रको कारोबार मिति २०७२ माघ १ गते देखि स्वतः बन्द भएको छ भने भौतिक धितोपत्रको कारोबार पनि रोक्का भएको छ ।
हाल ४४ जिल्लाका ६६ स्थानबाट निक्षेप सेवा प्रदान गर्दै आएकोमा आगामी दिनमा यस लि.ले देशभरका ७५ वटै जिल्लामा प्रभावकारी रुपमा गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता जाहेर गर्दछ । त्यसैगरी २०७२ पौष मसान्तभित्र दर्ता सम्झौता नगरेका कम्पनीहरुले यथाशिघ्र यस लि. मा दर्ता सम्झौता गरी नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार योग्य भई लगानीकर्ताहरुलाई बजारबाट लाभान्वित हुने अवसर प्रदान गरिदिनु हुन अनुरोध छ ।

मिति : २०७२/१०/०३

सिंहदरबार प्लाजा, काठमाडौं, नेपाल ।
Singhdurbar Plaza, Kathmandu, Nepal.
Tel.: 977-1-4250596
Website: www.cdscnp.com